**मिति २०८३।०४।२२ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८३/०८४ को प्रथम नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** गैंडाकोट नगरपालिकाले च.नं. २८६९ मिति २०८३/०३/१९ गते जारी गरेको मौज्दात प्रमाणित गर्ने/गराउने सम्बन्धी सार्बजनिक सुचना अनुसार स्टक प्रमाणित (मौज्दात बैधता मापन) गर्नको लागि पत्रमा माग भए बमोजिमका आबश्यक कागजात साथै स्व-घोषणा सहितको निवेदन कार्यालयमा पेश गरेका तपसिल बमोजिमका निर्माण व्यबसायीहरु, अस्थायी इजाजत प्राप्त क्रसरहरु र नदिजन्य पदार्थ (ढुङ्गा, वालुवा, गिटी, ग्राभेल) बिक्रिकेन्द्रहरुको तेस्रो पक्षबाट स्थलगत अनुगमन गरि नापजाँच भई प्राप्त प्राविधिक प्रतिवेदनका आधारमा "नदिजन्य पदार्थ तथा निजि जग्गाको निर्माणमुखी सामग्री उत्खनन, संकलन तथा बिक्रि निर्देशक समितीको" निर्णय बमोजिम तपसिल अनुसारको अप्रशोधित नदिजन्य पदार्थको (ढुङ्गा, गिटी, वालुवा, ग्राभेल) स्टक (मौज्दात) प्रमाणित गर्ने निर्णय गरियो।

| क्र.स. | निर्माण ब्यबसायी/क्रसर/ बिक्रिकेन्द्र नाम/ ठेगाना | स्टक रहेको जग्गा/स्थान | परिमाण (घ.मी.) | स्रोत | कैफियत/ विवरण |
|---|---|---|---|---|---|
| १. | चन्द्रशेर बालुवा प्रशोधन उधोग, गैंडाकोट-७ नवलपरासी (ब.सु.पू.)। | वडा नं. ७ | ५९०० | जिम्मल बिल्डर्सबाट आ.व. ०८२/८३ मा खरिद भएको बिल। | ग्राभेल |
| २. | किङ्गफिसर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., कालिका-२ चितवन | वडा नं. ७ | ५७५०० | आ.व. ०८२/०८३ को आय ठेक्का सम्झौता गरि स्टक गरेको। | ग्राभेल |
| ३. | मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गैंडाकोट-९ नवलपरासी (ब.सू.पू.)। | वडा नं. ७ / खरिद | २०००० | आ.व. ०८२/८३ मा किङ्गफिसर कन्स्ट्रक्सन एण्ड सप्लायर्स बाट खरिद भएको बिल र आ.व. ०८१/८२ को बाँकी स्टक। | ग्राभेल |
| | | ८१/८२ को स्टक | २२०० | | |
| ४. | रणनीति कन्स्ट्रक्सन प्रा.लि., गैंडाकोट-७ नवलपरासी (ब.सु.पू.)। | वडा नं. ७ / खरिद | ५३४५० | आ.ब. ०८२/८३ मा ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स बाट खरिद भएको बिल र आ.व. ०८१/८२ को बाँकी स्टक। | ग्राभेल |
| | | ८१/८२ को स्टक | १०५० | | |
| ५. | कन्यादेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., भरतपुर-२९ चितवन। | वडा नं. ७ | ६२०० | आ.ब. ०८२/८३ मा मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स बाट खरिद भएको बिल। | ग्राभेल |
| ६. | अंकित सप्लायर्स, गैंडाकोट-१७ नवलपरासी (ब.सू.पू.)। | वडा नं. १८ | ३०० | आ.ब. ०८२/८३ मा राजश्व तिरि ढुवानी गर्न बाँकी परिमाण स्टक रहेको। | ढुङ्गा |

**निर्णय नं.२** जिल्ला दररेट निर्धारण समिति नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) बाट आर्थिक वर्ष २०८३/०८४ को लागि निर्धारित दररेटलाई नै गैंडकोट नगरपालिकाको आ.व.२०८३/०८४ को नगर दररेटको रुपमा स्वीकृत गर्ने साथै जिल्ला दररेटमा समावेश नभएका निर्माण सामाग्रीको हकमा छिमेकी जिल्लाको दररेटलाई कायम गर्ने र छिमेकी जिल्लाको दररेटमा समेत समावेश नभएको निर्माण सामाग्रीको हकमा तीन वटा आधिकारिक बिक्रेताबाट दररेट माग गरी हुन आउने न्यूनतम दररेटलाई नै कार्यान्वयनको लागि दररेट कायम गर्ने निर्णय गरियो।

**निर्णय नं.३** चालु आ.व. २०८३/८४ मा यस गैंडाकोट नगरपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनका लागि नगर स्तरीय बहुक्षेत्रिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिबाट सिफारिस भएका वडाहरु र एकीकृत बार्षिक कार्यक्रम स्वीकृत गर्ने, साथै पोषणमैत्री नगरपालिका घोषणा कार्यक्रमलाई बालमैत्री नगरपालिका घोषणा कार्यक्रमसंग समेत एकिकृत रुपमा लैजाने निर्णय गरियो।

**निर्णय नं.४** यस नगर क्षेत्रभित्रका सरकारी सार्वजनिक जग्गाहरुको अभिलेख राख्न/एवं खोज तथा अध्ययन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको "**सरकारीसार्वजनिक जग्गा/ खोज तथा अध्ययन समिति**" गठन गर्ने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

संयोजकः श्री गोविन्द प्रसाद सुवेदी, वडा अध्यक्ष वडा नं. ११

सदस्यः श्री सुरेन्द्र प्रसाद रेग्मी, वडा अध्यक्ष वडा नं. १

सदस्यः श्री शुवाष चापागाईं, वडा अध्यक्ष वडा नं. ६

सदस्यः श्री प्रदिप राज पौडेल, सर्भेक्षक

सचिव-सदस्यः भुमि प्रशासन शाखा प्रमुख वा प्रशासन शाखा प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं.५** भूमि प्रशासन कार्यालय,कावासोती, नवलपरासी (ब.सु.पू.) को च.नं. ०१ मिति २०८३।०४।०१ गतेको प्राप्त पत्रबाट माग भई आए अनुसार मालपोत नियमावली २०३६ को नियम ५ ग बमोजिम गैंडाकोट नगरपालिकाको तर्फबाट वडा नं. ५ का वडा अध्यक्ष श्री रत्न प्रसाद सापकोटालाई सदस्य तोक्ने निर्णय गरियो।

**निर्णय नं.६** गैंडाकोट नगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यक्रमको लागि प्रशासन शाखामा कार्यरत सहायक प्रशासकीय अधिकृत श्री ईन्द्र प्रसाद आचार्यलाई प्रशासन शाखामा नै दरबन्दी कायम रहने गरी बालमैत्री स्थानीय शासन कार्यक्रमको सम्पर्क व्यक्ति (फोकल पर्सन) का रुपमा कामकाज गर्न तोक्ने निर्णय गरियो।

**निर्णय नं.७** गैंडाकोट नगरपालिका तथा वडा कार्यालयबाट घर एवं भौतिक संरचनाको मुल्यको प्राविधिक मूल्याङ्कन गर्ने सन्दर्भमा नगरपालिका तथा वडा कार्यालयमा सम्पत्ति कर / भूमि कर (मालपोत कर) तिरेको रसिदमा उल्लेख भएको मूल्याङ्कन रकम बमोजिमको मूल्यलाई नै आधार मानी मूल्याङ्कनको सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं.८** गैंडाकोट नगरपालिका वडा नं. ११ को गौचर क्षेत्र भनेर जनिने साविक बेल्डिया४ 'ख' कित्ता नं. १० क्षेत्रफल ८-४-११-० जग्गा नेपाल सरकारको नाममा दर्ता कायम भएको जग्गा सिमानामा व्यक्तिका निजी संरचना देखिएको हुंदा सम्बन्धित व्यक्तिलाई नै उक्त संरचना हटाउन वा सार्नको लागि ३५ दिने सूचना जारी गर्ने निर्णय गरियो।

**निर्णय नं.९** गैंडाकोट नगरपालिका वडा नं. २ अन्तर्गत साविक गैंडाकोट २/क कित्ता नं. ३७३ क्षेत्रफल १३-०-०-० (१३ रोपनी ) जग्गा ब्रजमोहन सोतीको नामबाट नेपाल सरकारको नाममा दर्ता कायम भएको जग्गाको लागि निज व्यक्तिबाट राजश्व लगत कट्टा गर्ने निर्णय गरियो।

**निर्णय नं.१०** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६० मिति २०८३।०१।३१ गतेको परिपत्र मार्फत स्थानीय तहहरुको लागि पठाईएको **"उपभोक्ता समिति मार्फत योजना कार्यक्रम तथा संचालन सम्बन्धी कार्यसञ्चालन विधि (sop)"** लाई गैडाकोट नगरपालिकामा कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.११** गैंडाकोट नगरपालिकाको नगर भित्रका **"सामुदायिक विद्यालयमा सुत्केरी सट्टा शिक्षक नियुक्ती सम्बन्धी कार्यविधि-२०८३"** लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.१२** गैंडाकोट नगरपालिका वडा नं. ९ निवासी श्री प्रशान्त गिरी सडक दुर्घटना भई उपचारको क्रममा रहेको एवं घरको आर्थिक अवस्था समेत कमजोर भएको र थप स्वास्थ्य उपचार गर्न कठिनाई भएको भनी सम्बन्धित वडाबाट समेत सिफारिस भई भएकाले निजको उपचारको लागि रु. ५० हजार आर्थिक सहयोग नगरपालिकाको अन्य सामाजिक सुरक्षा (विपन्न नागरिक उपचार सहयोग ) शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १३** स्थानीय स्तरमा उत्सर्जन हुने फोहोर व्यवस्थापन गर्न नेपाल सरकारको नाममा दर्ता कायम रहेको जिल्ला नवलपरासी (बर्दघाट सुस्तापूर्व) गैडाकोट नगरपालिका वडा नं. ७ कि.नं १ क्षेत्रफल ९०१४४९.६५ बर्गमिटर मध्ये पश्चिम

नि. प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

तर्फबाट ६७७२६.३० वर्गमिटर (१० विगाहा) जग्गा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति, २०७९ बमोजिम उक्त सरकारी जग्गा गैडाकोट नगरपालिकाको **फोहोरमैला प्रशोधन केन्द्र तथा पार्क निर्माण** प्रयोजनार्थ गैडाकोट नगरपालिकालाई उपयोग गर्न दिनको लागि भुमि व्यवस्था, सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४** भूमी समस्या समाधान समिति जिल्ला समिति नवलपरासी(ब.सु.पू.) को मिति २०८३/०४/१८ को पत्रानुसार विगतका गठित आयोगबाट प्रकाशित सूचनाको म्याद भित्र पर्न आएका निवेदनहरु जेन्जी आन्दोलनका क्रममा आगजनीमा जलेर नष्ट भएका फारम समितिले तोकेको ढाँचामा पुन: फारम भर्ने भनी भूमी समस्या समाधान समिति जिल्ला समिति नवलपरासी(ब.सु.पू.)ले मिति २०८३/०४/१९ मा प्रकाशित सूचना बमोजिम कम्प्युटर प्रणालीमा प्रविष्टी भएका तर जलेर नष्ट भएका फारम पुन: भराउने र उक्त प्रयोजनका लागि सम्पूर्ण वडाहरुमा खट्टिने लगत संकलकहरुलाई प्रति फारम रु.७५ /- का दरले भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** गैडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा स्वीकृत दरबन्दीमा कार्यरत करार कर्मचारीहरुको कार्यसम्पादन स्तर तथा कार्यरत कार्यालयहरुको सिफारिस समेतको आधारमा कार्यसम्पादन स्तर सन्तोषजनक रहेका एवं निरन्तरताको लागि निवेदन पेश गरेका करार कर्मचारीहरुको नगर कार्यपालिकाको कार्यालयबाट (मिति २०८३ पौष मसान्तसम्म) छ महिनाको लागि करार सम्झौता नवीकरण गरी कामकाजमा खट्टाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१६** गैंडाकोट नगरपालिका खेलकुद विकासको मिति २०८३।०३।११ गते बसेको बैठकबाट निर्णय भई कार्यपालिकामा पेश भए बमोजिम गैंडाकोट नगरपालिका खेलकुद विकास ऐन, २०७९ (संसोधन सहित) को दफा ३ अनुसार समिति गठन भई संचालनमा रहेकोमा तपसिलका पदाधिकारीज्यूहरुको दफा ६ (घ) अनुसार सूचना नदिई लगातार ३ पटक भन्दा बढी बैठकमा अनुपस्थिति रहेकाले निजहरुको सदस्यता खारेज गरी सो रिक्त रहेको स्थानमा तपसिल अनुसारका व्यक्तिलाई मनोनयन गर्ने निर्णय गरियो।

| क्र.सं. | ऐनमा भएको व्यवस्था | कायम रहेको सदस्य | नयाँ मनोनयन गरिएको सदस्य |
|---|---|---|---|
| १ | दफा ३ ग कार्यपालिकाले मनोनित गरेको नगर सभा सदस्य | ऋषिराम गौतम | राजकुमार कुमाल |
| २ | दफा ३ घ कार्यपालिकाले मनोनित गरेको अलग अलग खेलकुद क्षत्रका २ महिला सहित ७ जना | राजकुमार कुमाल | भुमिश्वर भुसाल |
| ३ | दफा ३ ङ नगर युवा क्लबको अध्यक्ष वा प्रतिनिधि | रोशन दर्लामी | नारायण सुनारी मगर |
| ४ | दफा ३ च फरक क्षमता भएका खेलाडी कार्यपालिकाले मनोनित गरेको | मनिलाल महतो | दिपेश नेपाली |

**निर्णय नं. १७** आन्तरिक राजस्व कार्यलय कावासोतीको मिति २०८२।११।२५ गतेको स्थानीय तहबाट करदाता सेवा विस्तार सम्बन्धी प्राप्त पत्र बमोजिम आं.व.२०८३/०८४ मा गैंडाकोट नगरपालिकाले समेत उक्त सेवा सञ्चालन गर्न आवश्यक जनशक्ति एवं पूर्वाधार तयार गर्नको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख